नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड
NALGAD HYDROPOWER COMPANY LIMITED
Tel.: 01-4583016
01-4583017

प.सं.: ०८०/८१
च.नं.: १

# मौजुदा सूचीमा समावेशकव लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना

(सूचना नं. २०८०/०८१)

(प्रथम पटक प्रकाशित मिति २०८०/०४/०१)

नलगाड हाइड्रोपावर कम्पनीका लागि आर्थिक वर्ष २०८०/०८१ मा आवस्यक पर्ने देहाय बमोजिमका सामाग्री, आपूर्ति,निर्माण काय तथा परामर्श सेवाहरु उपलब्ध गराउने प्रयोजनार्थ सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६(क) तथा नलगाड हाइड्रोपावर कम्पनी, २०७७ को विनियम २५ बमोजिम मौजदुा सूची अद्यावधिक गर्नु पर्ने भएकाले ईच्छुक ईजाजत प्राप्त फर्म, निर्माण व्यावसायी, आपुर्तिकर्ता परामर्शदाता कम्पनी एवं संस्थाहरु र दर्तावाल ईच्छुक व्यक्तिहरुबाट फर्म दर्ता र नविकरण प्रमाण पत्र , स्थायी लेखा नम्बर, मु.अ.क. दर्ता प्रमाण पत्र , कर चुक्ता प्रमाणपत्रको छायाँप्रति र व्यक्तिको हकमा विस्तृत बायोडाटा सहित संलग्न निवेदनको ढाँचामा मौजुदा सूचीमा दर्ताका लागि निवेदन पेश गर्न यो सूचना जारी गरिएको छ । रित नपुगी आएका निवेदनलाई मान्यता दिइनेछैन । प्राप्त दरखास्तहरु सुचिकृत गर्ने वा नगर्ने अधिकार कम्पनीमा रहनेछ ।

(क) कुनै चल वा अचल, सजीव वा निर्जिव जुनसुकै किसिमको वस्तु र त्यस्तो वस्तु आपुर्ति गर्ने कार्यहरु जस्तै:

१. मसलन्द तथा कार्यालय सामानको आपूर्ति एवं छपाई सम्बन्धी कार्य
२. मेशिनरी उपकरण
३. फर्निचर तथा फर्निसिङ्ग
४. गाडी तथा मोटरसाइकलको पार्टपुर्जा
५. सवारी साधन आपूर्ति
६. उल्लेख नभएका अन्य मालसामन खरिद तथा आपूर्तिहरु

(ख) कुनैपनि भौतिक संरचना निर्माण वा जडान गर्ने, पुन: निर्माण गर्ने भत्काउने, पुनर्स्थापना गर्ने, मर्मत सम्भार गर्ने वा जीर्णोद्धार गर्ने कार्य वा सो सँग सम्बन्धित निर्माण स्थल तयार गर्ने खन्ने, ड्रिलिङ्ग गर्ने, ठड्याउने, बनाउने, उपकरण वा मालसामान जडान गर्ने जस्ता विभिन्न प्रकृतिका निर्माण कार्यहरु ।

(ग) कुनै अध्ययन, अनुसन्धान, सर्भेक्षण, डिजाइन, ड्रइङ्ग, परिवेक्षण, तालिम, परिक्षण गर्ने काम, सफ्टवेयरको विकास प्रविधि, विद्युत प्रसारण, लेखा, बैंकिङ्ग, कम्प्युटर, कानुनी आदी विषयका

Kathmandu Metropolitancity ward No-10, Mid Baneshwor, Kathmandu, Nepal
Email: info@nalgad.com, Website: www.nalgad.com

नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड
NALGAD HYDROPOWER COMPANY LIMITED
Tel.: 01-4583016
01-4583017

प.सं.: ०८०/८१
च.नं.: १

विज्ञबाट प्रदान गरिने सेवा खरिद वा प्राविधिक वा प्रशासनिक वा कानुनी विषयमा सुझाव दिने वा यस्ता प्रकृतिका अन्य बौद्धिक वा पेशागत सेवाहरु जस्तै:

१. विभिन्न योजनाको सर्भे डिजाईन, लागत अनुमान, नक्सांकन, तथा विस्तृत आयोजनाको प्रतिवेदन तयारी लगायतका ईन्जिनियरिङ्ग परामर्श सेवाहरु
२. तालिम सम्बन्धी परामर्श सेवा
३. विज्ञहरुको परामर्श सेवा
४. सफ्टवयर तथा हार्डवयर निर्माण तथा जडान
५. सूचना प्रविधि सम्बन्धी विभिन्न सेवाहरु ।

(घ) सवारी साधन, उपकरण वा मालसामान भाडामा लिने, ढुवानी गर्ने वा मालसामान मर्मत सम्भार गर्ने, घर भाडामा लिने कार्य, प्रचार प्रसारण गर्ने सामाग्रीहरु तयार गर्ने, प्रकाशन वा प्रसारण गर्ने, प्रकाशित गर्ने, डिजाईन गर्ने वा कम्पनीलाई आवस्यक पर्ने अन्य सेवा प्राप्त गर्ने वा कम्पनीलाई अन्य सेवा प्राप्त गर्ने कार्यहरु जस्तै:

१. सवारी साधन तथा पार्टपुर्जा मर्मत
२. गाडी भाडामा दिने सम्बन्धी कार्य
३. कम्प्युटर, फोटोकपी मेशिन, प्रिन्टर, टेलिफोन, लगायत इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल उपकरण मर्मत
४. इन्टरनेट/वेवसाइड सम्बन्धी सेवा
५. सूचना प्रकाशन गर्ने
६. श्रव्य दृष्य सामाग्री
७. हवाई टिकेट
८. सरसफाई सेवा
९. पिउने पानी आपुर्ति
१०. पत्र पत्रिका तथा पुस्तक आपुर्ति
११. तालिम/सम्मेलन व्यवस्थापन सम्बन्धी
१२. उल्लेख नभएका अन्य सेवाहरु ।

<u>निवेदन पेश गर्ने प्रक्रिया:</u> उल्लेखित विषयहरु मध्ये आफु सुचिकृत हुन चाहेको विषय निवेदनमा स्पष्टरुपमा खुलाई तोकिए बमोजिमका आवस्यक कागजात सहित सोझै कम्पनीको कार्यालय मध्ये बानेश्वर, काठमाण्डौमा कार्यालय समयभित्र बुझाउन सकिनेछ ।

Kathmandu Metropolitancity ward No-10, Mid Baneshwor, Kathmandu, Nepal
Email: info@nalgad.com, Website: www.nalgad.com